
# बाँझोपन र खाद्यान्न

(भूमिअधिकारबारे पढ्ने सामग्री - ७)



- सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

## भूमिको वर्तमान अवस्था

नेपाल कृषिप्रधान देश हो । यहाँका ८१.१ प्रतिशत जनता कृषिमा आश्रित छन् । त्यसैले कुल राष्ट्रिय आयमा कृषिको योगदान पनि ४० प्रतिशतको सेरोफेरोमा छ ।

नेपाल भूपरिवेष्ठित मुलुक भएकाले यहाँ डाँडाकाँडा र वनजंगल बढी छन् । त्यसैले कुल क्षेत्रफलको अनुपातमा कृषियोग्य भू-भाग निकै कम छ । त्यसमाथि पनि विभिन्न कारणले कृषियोग्य जमिनमा पनि सबैमा खेती हुन सकेको छैन । अर्थात् धेरै जमिन बाँझो छ । एक तथ्यांकअनुसार मुलुकको कुल कृषियोग्य जमिनको २० प्रतिशत अर्थात् ५ भागको एक भाग जमिन अहिले पनि बाँझो छ ।

एग्री बिज्नेश प्रमोसन एण्ड स्ट्याटिस्टिक डिभिजनका अनुसार नेपालको २९६८०१७ हेक्टर जमिनमा खेती गरिएको छ भने खेती नगरिएको जमिन अर्थात् बाँझो ९८६८९८ हेक्टर छ ।

एकातर्फ भूमिहीनहरु गरिखाने जग्गा नपाएकाले भोकभोकै मर्ने अवस्था आइपरेको छ भने अर्कोतिर यसरी थुप्रै जमिन बाँझो रहनाले मुलुकको खाद्यान्न आवश्यकता र आपूर्तिबीच पनि ठूलो खाडल सिर्जना भएको छ ।

जमिन जोत्ने तथा भूमिहीन र सुकुम्बासीले गरिखान जमिन नपाउने तर हुनेखानेले विभिन्न बहानामा जमिन बाँझै राख्ने प्रवृत्तिले खाद्यान्न सन्तुलन मात्र खल्बलिएको छैन, मुलुककै उत्पादकत्वमा असर परिरहेको छ । जसको सोझो सम्बन्ध मुलुकको आर्थिक अवस्थालाई धरासायी बनाउनेतर्फ केन्द्रित छ ।



## बाँझो रहनाका कारण

सरकारहरुले धेरै पटक मुलुकमा भूमिसुधार गर्ने घोषणा र कार्यक्रम जारी गरेका छन् । जसको एउटा प्रमुख उद्देश्य हदबन्दी पनि हुने गरेको छ । हदबन्दीलाई भूमिसुधार कार्यक्रममा समेट्नुको अर्थ एउटा निश्चित सीमासम्म मात्र जमिन राख्न पाइनु हो । त्योभन्दा बढी जमिन सरकारले लिने तथा त्यस्तो जमिन भूमिहीन, सुकुम्बासीलाई दिने अवधारणा राखिएको पाइन्छ । प्रकृति प्रदत्त उपहार जमिनलाई न्यायोचित वितरण गर्ने वा जमिनमा सबैको पहुँच पुऱ्याउने उद्देश्यले हदबन्दी लागू गर्ने सोच अघि सारिएको पाइन्छ ।

तर हदबन्दी कार्यक्रम व्यवहारमा उचित र पर्याप्त तवरले लागू हुन सकेको छैन । जसले गर्दा हदबन्दीभन्दा बढी जमिन अझै पनि सयौंले राखेका छन् । हदबन्दीभन्दा बढी जमिन भनेको निकै धेरै हुनु हो । धेरै जमिनमा आफैं काम गर्न सम्भव हुँदैन, त्यसैले यस्तो जग्गा उनीहरुले बाँझै राख्ने गरेका छन् ।

यस्तो जग्गामा अरुद्वारा खेती गराउन सकिन्छ । तर

### बाँझो किन ?

*गाईखुरा, रामेछापका देवीलाल पुरीलगायत्ले झण्डै २ सय ५० रोपनी जमिन एक बालीमा सीमित राखेका छन् । नजिकै अविरल बगिरहने तामाकोशी छ, उनीसँग जमिनमुनिबाट पानी तान्ने पम्प पनि छ । र, उनको खेतीमा उत्पादन पनि राम्रै हुन्छ । धान नै दुई बाली हुन्छ तर पनि अरू समय जमिन किन बाँझो छ ? भन्ने प्रश्नमा उनको उत्तर छ– 'युवा गाउँमा छैनन्, बूढाको मात्र तागतले खेती हुँदोरहेनछ ।'*

*'बूढापाकाको सहयोगले गरेको खेतीमा उब्जनीले पनि पत्याउँदो रहेनछ'– पुरीको भनाइ छ । द्वन्द्व र रोजगारी तथा अवसरका खोजीमा गाउँका युवा शहर तथा अन्यत्र लाग्नाले पनि गाउँका जमिन बाँझै हुन पुगेको पुरी बताउँछन् । यो गाउँमा सयौं रोपनी जमिन गर्ने मान्छेको अभावमा बाँझै देख्न पाइन्छ भने गाउँलेचाहिँ किनेर खान बाध्य छन् ।*

अरुलाई खेती गर्न दिँदा मोहियानी लाग्ने तथा कमाउनेले केही स्वामित्व दाबी गर्न सक्ने त्रासले जमिनदारहरुले बरु बाँझै राख्ने तर खेती गर्न नदिने नीति पनि अख्तियार गरेका छन्। केहीले मात्र निश्चित आम्दानी बुझाउने शर्तमा खेती गर्न दिएका हुन्छन्, तर यसरी खेती गर्न दिने र त्यसबाट उत्पादन हुने परिमाण एकदमै कममात्र छ।

अर्कोतर्फ कृषि उद्योग, सहकारी, शिक्षण संस्था, स्वास्थ्य संस्था आदिका नाममा हदबन्दीभन्दा बढी जमिन राख्न सरकारले छुट दिएको छ। त्यसैले यस्ता छुट दिइएका संस्थाका नाममा थुप्रै जमिन समेटिएका छन्। तर ती खासै उद्योग गर्ने, स्वास्थ्य, शिक्षा जस्ता क्षेत्रमा सेवा पुऱ्याउने भन्दा पनि हदबन्दी भन्दा बढीको जमिन सुरक्षित गर्ने उद्देश्यले प्रेरित देखिएका छन्। यस्तो जमिन मुलुकमा कति छ भन्ने एकिन तथ्यांक पाउन सकिन्न तर पनि यस्ता छुट दिइएका क्षेत्रका नाममा सयौं हेक्टर जमिन अहिले पनि बाँझै छन्। तिनलाई उत्पादकत्वमा लगाउने सोच न सरकारले लिएको छ, न त्यसरी ओगट्नेले नै बाँझै रहँदा यी जमिनले मुलुकलाई कति नोक्सानी पुऱ्याएका छन् भन्ने लेखाजोखा नै गरेका छन्।

मुलुकमा जारी वर्तमान द्वन्द्वका कारण पनि खासगरी माओवादी प्रभावित क्षेत्रका थुप्रै जमिन बाँझो राख्ने प्रवृत्ति विगत केही वर्षयता तीब्ररुपमा वृद्धि हुन थालेको छ। द्वन्द्वमा सामेल माओवादी तथा सरकारीतर्फबाट ती क्षेत्रमा उत्पन्न असहज परिस्थितिका कारण थुप्रै मानिस विस्थापित हुन





**कतै बाँझै, कतै भोकै**

*बर्दियाको कुमरोजमा कपास विकास समितिको ६ सय ५० विघा जग्गा छ। कपास खेती गर्न भनी छुट्याइएको उक्त जमिनमा न कपास लगाइएको छ, न कुनै खेती नै गरिएको छ। लामो समयदेखि यति ठूलो परिमाणको जमिन बाँझै छ। तर अर्कोतर्फ त्यही ठाउँमा सयौं मुक्त कमैया गरिखाने जमिन नपाएर संघर्ष गरिरहेका छन्। अहिले मुक्त कमैयाकै एक समूहले उक्त जमिन कब्जा गरेर बसेका छन्।*

पुगेका छन्। विशेषगरी पश्चिम तथा मध्यपश्चिमका पहाडी क्षेत्रमा अहिले गाउँका गाउँ खाली हुनेगरी स्थानीय बासिन्दा बिस्थापित भएकाले उनीहरुको जमिन बाँझै छ। केही जमिनमा माओवादीले सामूहिक खेती गरे पनि त्यो अत्यन्तै कम छ।

कुनै पनि बेला बिस्थापित हुनुपर्ने डरले गाउँमै रहेकाले पनि आफ्नो सम्पूर्ण खेती गर्न सकेका छैनन् भने गरेकाले पनि यथेष्ट उत्पादन लिन सकेका छैनन्। द्वन्द्वकै कारण उन्नत बीउ, मलखाद, श्रमशक्ति आदिको अभावले उचित उत्पादन हुन सकिरहेको छैन। अर्कोतर्फ भएको उत्पादन पनि बेचबिखन गर्न समस्या उत्पन्न भएकाले बढी उत्पादन गर्ने जाँगर पनि उनीहरुमा पलाउन सकेको छैन। जसका कारण थुप्रै जमिन बाँझै राख्ने अवस्थामा उनीहरु पुग्न बाध्य भएका छन्।

मुलुकमा वास्तविकरुपमा विकास विकेन्द्रीकरण नभएकाले पनि गाउँका जमिन बाँझिन पुगेका देखिन्छन्। उद्योग, कलकारखाना, शिक्षण संस्था आदि सबै राजधानी तथा केही सीमित शहरमा केन्द्रित भएकाले गाउँमा अवसर प्राप्त हुन सकेका छैनन्। त्यसैले गाउँमा खेती गर्दै अवसर कुर्ने विकल्प नभएकाले अवसरका खोजीमा युवाहरु शहरतिर भौतारिन बाध्य छन्। गतिला र बलिया पाखुरी चाहिने खेती, बालीलाई यस्ता पाखुरावाला युवा नभएपछि सोझै असर पर्ने नै भयो। गाउँमा वृद्धवृद्धा र केटाकेटी मात्र रहने अवस्थाले खेती बाँझै रहन पुगेको छ भने गरिएको खेतीले पनि लगानी उठाउनसमेत धौ धौ पर्ने अवस्था छ।


सिचाइ अभावमा पनि जमिन बाँझो रहने अवस्था देखापरेको छ। पानी

नभई बाली नहुने र सरकारी तवरबाट पर्याप्त सिचाइ व्यवस्था नभएकाले पनि किसानले खेती गर्न ध्यान नदिने, बरु बाँझै छाडिदिने अवस्था देखिएको छ । सानोतिनो लगानीले नभ्याउने र सरकारी आँखा सबैतिर पुग्न नसकेकाले मुलुकका सबै ठाउँमा सिचाइ सुविधा पुग्न सकेको छैन । एग्री बिज्नेश प्रमोसन एण्ड स्ट्याटिस्टिक डिभिजनका अनुसार ९५११८१ हेक्टरमा मात्र सिचाइ सुविधा पुग्न सकेको छ । यस्तो अवस्थामा गरिएको खेतीले श्रम, मल, बीउ आदिको मूल्य उठाउन पनि समस्या पर्छ । त्यसैले यस्ता ठाउँमा खेती गरेर त्यसको उत्पादनमा रमाउनुभन्दा कृषकहरुले बरु अरु सहज विकल्पतिर ध्यान दिएको पाइन्छ ।

## खाद्यान्न अवस्था

कृषि तथा सहकारी मन्त्रालयको पछिल्लो तथ्यांकअनुसार ३३१३६८१ हेक्टरमा गहुँ, मकै, धान आदि गरी ७१७१७८२ मेट्रिक टन उत्पादन भएको थियो । त्यसैगरी ३९२४११ हेक्टरमा ३६७८१९४ मेट्रिक टन नगदे बाली उत्पादन भएको थियो ।

नेपाललाई चाहिने अन्न कहिले आफ्नै देशको उत्पादनले धान्ने र कहिलेचाहिँ नधान्ने अवस्था देखिएको छ । सन् १९९८/९९ को वर्षमा १८१८७९






मेट्रिक टन अन्न नपुग भएको थियो । तर त्यसको पछिल्लो वर्ष चाहिनेभन्दा ६८४९६ मेट्रिक टन बढी अन्न उत्पादन भएको तथ्यांक कृषि तथा सहकारी मन्त्रालयसँग छ । यो वर्ष नेपालमा ४४५१९३९ मेट्रिक टन्न अन्न उत्पादन भएको थियो । विगत केही वर्षका तथ्यांक हेर्दा बढी हुने अवस्था भन्दा नपुग अवस्था नै बढी पाइएको छ ।

खाद्यान्न अपुग हुने क्षेत्रमा विशेषगरी पहाडी जिल्ला पर्ने गरेका छन् । सन् १९९९/२००० को तथ्यांकअनुसार यो पहाडी क्षेत्रमा ३४४१५३ मेट्रिक टन खाद्यान्न अपुग भएको थियो । त्यसैगरी यो वर्ष हिमाली क्षेत्रमा ९६४३० मेट्रिक टन खाद्यान्न अपुग भएको थियो । तराइ क्षेत्रमा भने ५०९०७९ मेट्रिक टन खाद्यान्न चाहिनेभन्दा बढी उब्जाउ भएको थियो । एक मेट्रिक टनमा एक हजार किलोग्राम हुन्छ । त्यसैगरी एक हेक्टर बराबर १९.६५६४ रोपनी हुन्छ ।

सन् २०००/२००१ को तथ्यांकअनुसार यो वर्ष नेपालले भारतबाट ४१३७००००० रुपैयाँको धान/चामल खरीद गरेको थियो । त्यसैगरी यही वर्ष ४५०२००००० रुपैयाँ बराबरको तरकारी पनि आयात गरेको थियो । यसले के देखाउँछ भने एकातर्फ हाम्रा जमिन बाँझै छाडिएका छन् भने अर्कोतर्फ नपुग खाद्यान्न तथा तरकारीका लागि भारतमा भर पर्नु परिरहेको छ ।

## कानूनी व्यवस्था

जमिन बाँझै राख्नेलाई सरकारी तवरबाट खासै कारबाही गर्ने व्यवस्था छैन । विभिन्न नीति र घोषणाले जमिन बाँझै राख्नाले मुलुकको उत्पादकत्वमा सोझो असर पर्ने हुँदा यसो गर्न नपाइने भनेर बेलाबेला घोकाए पनि बाँझो राख्नेले राख्न छाडेका छैनन् । यसरी सरकारी नीतिविपरित काम गर्नेलाई सजाय गर्ने व्यवस्था पनि सरकारसँग छैन ।

भर्खरैजसो सरकारद्वारा जारी राष्ट्रिय कृषि नीतिले जमिन बाँझो राख्न नपाइने र बाँझो राख्नेलाई भूमि कर लगाइने घोषणा गरेको छ । तर यस्तो भूमि कति छ र कस्तोखालको बाँझो भूमिमा कति कर लगाइनेछ भन्नेचाहिँ उक्त नीतिमा पनि उल्लेख छैन ।

यो नीतिले सिमान्त जमिन, चरन/खर्क, हैसियत बिग्रिएका वन तथा प्रयोगमा नआएका सार्वजनिक जमिनलाई लक्षित समुदायमा कबुलियतमा



हस्तान्तरण गर्ने र सम्भाव्यताअनुसार घाँस, कृषि वन, जडिबुटी, रेशम एवं अन्य स्थायी रुख बिरुवा हुनेखालका नगदेबाली एवं फलफूल बगैंचा विकासमा उपयोग गराइ वन तथा अन्य जमिनको हैसियत सुधारका साथै गरिबी निवारणमा टेवा पुऱ्याइने उल्लेख पनि गरेको छ ।

त्यसैगरी यही राष्ट्रिय कृषि नीतिले खाद्यान्न न्युन भएका क्षेत्रहरुमा खाद्यान्न उपलब्धता वृद्धि गर्न उत्पादन तथा आयवृद्धिका सम्भाव्यता उपयोग गराइने पनि जनाएको छ । अन्यत्रबाट खाद्यान्न आपूर्ति गर्नुपर्ने अवस्थामा खाद्यवस्तु ढुवानी, सञ्चय र वितरणमा स्थानीय निकायको सहभागितामा खाद्यान्न सञ्चय एवं परिचालन सञ्जालको विकास गरिने पनि यो नीतिले उल्लेख गरेको छ ।

भूमिहीन तथा अन्य वैकल्पिक आयस्रोत नभएका सिमान्त कृषकका लागि खाद्य तथा पोषण सुरक्षा कवचको विकास गर्दै लाने तथा खाद्य सुरक्षाका दृष्टिबाट जोखिम क्षेत्र र लक्षित समूह पहिचान गरी खाद्यवस्तु, ढुवानी, ब्याज, सामाग्रीको मूल्य आदिमा सुविधा उपलब्ध गराउने अवधारणा पनि यो नीतिले अघि सारेको छ ।



## के गर्नुपर्छ ?

१) जग्गाको उपयोगसम्बन्धी दीर्घकालीन नीति तय गर्नुपर्छ । घडेरीका लागि खरीद गरेको जग्गाबाहेक जमिन बाँझो राख्न नपाइने कानून ल्याइनुपर्छ । बाँझो राख्नेबाट बाँझो राखेको जमिनमा हुने जति उत्पादन बराबरको मूल्य जरिवाना तिराउनुपर्छ ।

२) हदबन्दी छुट दिइएका संस्था वा प्रयोजनका लागि राखिएका जमिन सोही प्रयोजनअनुसार उपयोग भए/नभएको जाँच गरी नभएको भए त्यसो नगर्नेलाई कारबाही गर्नुपर्छ ।

३) द्वन्द्वग्रस्त क्षेत्रमा बाँझो रहेका जमिनमा खेती गर्नेबारे वैकल्पिक सोच निकाल्नुपर्छ ।

४) गाउँमा बस्ने वातावरण तयार पारी, उन्नत मल, बीउ, आदि उपलब्ध गराइ उत्पादन बिक्री गर्ने बजार व्यवस्था गरिदिनुपर्छ ।

५) सिचाइ व्यवस्थामा विशेष जोड दिनुपर्छ ।

६) मुलुकमै उत्पादन हुने खाद्यान्न बाहिरबाट ल्याउन रोक लगाउनुपर्छ र स्थानीय उत्पादनलाई संरक्षण गर्ने नीति ल्याइनुपर्छ ।

७) जग्गाअनुसारको बाली लगाउन प्रेरित गर्ने र जहाँ जे सम्भव छ, त्यहाँ त्यही बाली लगाउन कृषकलाई प्रेरित गर्नुपर्छ । साथै उन्नत जातका र जीविका चल्नेखालका नगदे वा अन्य बाली लगाउनेबारे सहयोग र जानकारी प्रदान गर्नुपर्छ ।

८) कृषि तथा औद्योगिक प्रयोजनका लागि राखिएका तर दुई वर्षभन्दा बढी लगातार बाँझो रहेको जग्गाहरु, ऐलानी, पर्ति तथा अन्य बाँझो जमिन भूमिहीन, कम जमिन भएका वा इच्छुकहरुलाई प्राथमिकताका आधारमा खेती गर्न दिइनुपर्छ ।

*बाँझो जमिन भूमिहीन र जोताहाको हो, त्यसको प्रयोग गरौं ।*

नेपालमा व्यवस्थितरूपमा भूमिसुधार कार्यक्रम लागू भएको ४२ वर्ष बितेको छ । तर पनि भूमिसँग जोडिएका दर्जनौ समस्या अहिले पनि जस्ताका तस्तै छन् । हदबन्दी लागू भएको छैन, बनेका कानून लागू भएका छैनन्, यस्तो अवस्थाबाट यही मुलुकमा बसोबास गर्ने लाखौं जनताले भूमिअधिकारबाट वञ्चित भइरहनुपरेको छ ।

यस्तो अवस्थाबीच एक दशकदेखि सामुदायिक आत्मनिर्भर सेवा केन्द्र भूमिअधिकारको सवालमा कार्यरत् छ । यही क्रममा भूमिसम्बन्धी पढ्ने सामग्रीको अभाव सर्वत्र महसुस हुन पुग्यो । त्यसैले भूमिसम्बन्धमा चासो राख्नेहरूका लागि उपयोगी हुन सकोस् भनेर यो सामग्री तयार पारिएको छ ।

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**
**पो.ब.नं. १९७९०, काठमाडौं, नेपाल, फोन :** ९७७-१-४३६०४८६
E-mail: landrights@csrcnepal.org
Website: www.csrcnepal.org